२८१

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ३५५/२०७१/०७२

बैतडी जिल्ला सलेना गा.वि.स. वडा नं. ३ बस्ने दिपेन्द्र बहादुर चन्द ...................................१ निवेदक

**विरूद्ध**

ऐ.वडा नं. २ मा अवस्थित श्री धर्मघर उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक केशव दत्त भट्ट..१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराई लगत कट्टा गर्ने ।**

बैतडी जिल्ला सलेना गा.वि.स. वडा नं. ३ बस्ने दिपेन्द्र बहादुर चन्दले ऐ. वडा नं. २ मा अवस्थित श्री धर्मघर उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक केशव दत्त भट्ट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७१।१२।१९ मा निवेदन गरेकोमा यस आयोगको मिति २०७१।१२।२३, च.नं. ७६७ को पत्रबाट निवेदकले माग गरेको सूचना उपलब्ध नगराउनुको कारण सहित खुलाई पठाई दिनुभनी धर्मधर उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई पत्राचार गरिएकोमा उक्त विद्यालयबाट विभिन्न पत्र मार्फत निवेदकले माग गरेको सूचना उपलब्ध गराईको तहाँको मिति २०७२।०१।२३, च.नं. १२८ को पत्रमार्फत निज निवेदकलाई सूचना दिएको पत्रहरुको प्रतिलिपि समेत संलग्न गरी यस आयोगमा पठाएको देखिदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।